# फिनेटाउन स्थानीय स्कूल डिस्ट्रिक्ट

*हाम्रो लक्ष भनेको प्रत्येक विद्यार्थीका लागि एउटा सुरक्षित, सहयोगी स्कूल परिवेशमा शैक्षिक तथा सामाजिक विकासको प्रवर्द्धन गर्नु हो।*

*हाम्रो परिकल्पना भनेको हाम्रो विद्यार्थी तथा कर्मचारीहरूलाई गहिरो सोच्न, बौद्धिक रुपमा अगाडि बढ्न, तथा इमानदारिताका साथ बाँच्न प्रेरणा प्रदान गर्ने एउटा सिकाइ समुदाय बन्नु हो।*

**आमा-बाबुहरूको जान्ने अधिकार**

आदरणीय आमा-बाबु/अभिभावक:

ESEA खण्ड 1111(h)(6) *आमा-बाबुहरूको जान्ने अधिकार* अनुसार, फिनेटाउन स्थानीय स्कूल डिस्ट्रिक्टले टाइटल I स्कूलका विद्यार्थीहरूको प्रत्येक आमा-बाबुलाई तपाईंको बच्चाको कक्षा शिक्षकको व्यावसायिक योग्यताहरूका सम्बन्धमा जानकारी पाउने तपाईंको अधिकार हो र यसको लागि अनुरोध गर्न सक्नुहुन्छ भनेर सूचना दिइन्छ। तपाईंको बच्चाको कक्षा शिक्षकको व्यावसायिक योग्यताहरू सम्बन्धी यो जानकारीमा कमसेकम, निम्न कुराहरू समावेश छ:

1. शिक्षकले आफूले पढाउने ग्रेड लेभल तथा विषयहरूका लागि राज्यको योग्यता तथा इजाजत मापदण्डको पूर्ति गरेको छ वा छैन।
2. शिक्षकले राज्यको योग्यता तथा इजाजत मापदण्डमा छूट प्राप्त आपातकालीन वा अन्य अस्थायी हैसियत अन्तर्गत पढाएको हो वा होइन।
3. शिक्षकको प्रमुख स्नातक डिग्री तथा शिक्षकको कुनैपनि अन्य स्नातक प्रमाणपत्र वा डिग्री, तथा प्रमाणपत्र वा डिग्रीको क्षेत्र।
4. बच्चालाई अर्धव्यावसायीहरूद्वारा सेवा उपलब्ध गरेको हो वा होइन तथा, यदि हो भने, उनीहरूको योग्यताहरू।

यदि कुनैपनि समयमा तपाईंको बच्चालाई उच्चतम योग्यता नभएको शिक्षकद्वारा 4 वा बढी लगातार हप्ता सम्म पढाइएमा, स्कूलले तपाईंलाई सूचित गर्नेछ।

यदि तपाईंको कुनैपनि प्रश्नहरू भए, कृपाय हाम्रो सहायक अधीक्षक, डा लोरी ब्याङ्क्सलाई 513-728-3700 मा वा lbanks@finneytown.org मा सम्पर्क गर्नुहोला।

सहृदय,

डा लोरी ब्याङ्क्स
सहायक अधीक्षक